घरपझोङ गाउँपालिका

## गाउँ कार्यपालिकाको ४०औं बैठकको निर्णयहरु

मिति २०८१।११।२१

**प्रस्ताव नं. १ :-**

अघिल्लो बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

**निर्णय नं. १ :-**

यस गाउँ कार्यपालिकाको मिति २०८१।१०।२९ गते बसेको ३९औं बैठकमा जम्मा १४ वटा निर्णयहरु भएकोमा १५औं गाउँसभा मिति २०८१।११।२२ गते सञ्चालन गर्ने निर्णय भएकोमा विविध कारणवश गाउँसभा सञ्चालन हुन सकेन । निर्णय नं. १३ अनुसार गाउँपालिकाबाट निर्मित पूर्वाधारहरुको प्रचार प्रसार तथा उद्घाटन गर्ने कार्य क्रमशः सञ्चालन गरिने र अन्य निर्णयहरुको कार्यान्वयन प्रगति सन्तोषजनक रहेको पाईयो ।

**प्रस्ताव नं. २ :-**

गाउँसभाको मिति संशोधन सम्बन्धमा ।

**निर्णय नं. २ :-**

कार्यपालिकाको मिति २०८१।१०।२९ गते बसेको निर्णय अनुसार यही २०८१।११।२२ मा गाउँसभा आयोजना गर्ने निर्णय भएकोमा विविध कारणले गर्दा गाउँसभाको १५औं अधिवेशन आगामी २०८१।१२।०७ गते विहिवारका दिन बिहान ८:०० बजे देखि सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :-**

विषयगत समितिहरुको हाल सम्मको प्रगति प्रतिवेदन गाउँसभामा प्रस्तुत गर्ने सम्बन्धमा ।

**निर्णय नं.३ :-**

२०८१।१२।७ गते सञ्चालन हुने गाउँपालिकाको १५औं अधिवेशनमा विभिन्न विषयगत समिति बमोजिम चालु आ.ब.को हाल सम्मको प्रगति प्रतिवेदन प्रस्तुत गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :-**

विनियोजन ऐन, २०८१ को संशोधन सम्बन्धमा ।

**निर्णय नं. ४ :-**

चालु आ.ब.को विनियोजन ऐन, २०८१ संशोधन सम्बन्धमा छलफल भई आगामी कार्यपालिकाको बैठकबाट अन्तिम रुप दिई सभामा पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :-**

बसपार्क व्यवस्थापन कार्यविधि सम्बन्धमा ।

**निर्णय नं. ५ :-**

गाउँ कार्यपालिकाको मिति २०८१।१०।२९ गतेको ३९औं बैठकमा छलफलका लागि पेश भएको घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ स्वीकृत गर्ने सर्वसम्मत निर्णय

निर्णय प्रमाणित ।
०८१।११।२१

गरियो । साथै घरपझोङ गाउँपालिकाको बसपार्क सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८० खारेज गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :-**

मुटु रोग परीक्षण टोलीको खर्च भुक्तानी दिने सम्बन्धमा ।

**निर्णय नं. ६ :-**

शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, काठमाण्डौका वरिष्ठ डक्टरहरुको टोली यस घरपझोङ गाउँपालिका बहुउद्देश्य सभाहल जोमसोममा क्याम्प लगाई स्थानीय समुदाय लगायतका व्यक्तिहरुको हृदय परीक्षण गर्ने कार्यक्रम सम्पन्न भएकोमा उक्त क्याम्प सञ्चालनमा खटिएका डाक्टर लगायत अन्य सहयोगी कर्मचारीहरुको टोलीको खाना र बासको व्यवस्थापन वापत रकम रु.५३८५०।- गाउँपालिकाबाट व्यहोर्ने सर्वसम्मत निर्णय गरियो साथै उक्त रकम स्वास्थ्य तर्फको विविध खर्च शिर्षकबाट गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :-**

ग्रामीण अल्ट्रासाउण्ड मेशिन माग सम्बन्धमा ।

**निर्णय नं. ७ :-**

स्वास्थ्य क्षेत्रमा अति संवेदनशील सूचकको रुपमा रहेको मातृ तथा नवशिशु मृत्युदर न्यून गर्दै शुन्यमा झार्न तथा तिनिहरुको स्वास्थ्यमा सुधार ल्याउनका लागि ग्रामीण अल्ट्रासोनोग्राफी मेशिन (Rural Ultrasonography machine) अत्यावश्यक रहेको तर मेशिन खरिदको लागि आवश्यक श्रोतको कमी रहेको हुँदा ग्रामीण अल्ट्रासोनोग्राफी मेशिन थान-१ उपलब्ध गराई सहयोग गरिदिनु हुनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत मन्त्रालयको व्यवस्थापन महाशाखा (आपुर्ति व्यवस्था शाखा) टेकु, काठमाण्डौलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :-**

कदर तथा सम्मान गर्ने प्रस्ताव सम्बन्धमा ।

**निर्णय नं. ८ :-**

गाउँपालिका अन्तर्गत जनहित माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा लामो समय सम्म रही शैक्षिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याए वापत घरपझोङ गा.पा. वडा नं. ४ निवासी श्री जयन्द्रलाल थकाली र गाउँपालिकाको विकास निर्माण लगायत पर्यटन क्षेत्रको विकासका लागि विशिष्ट योगदान पुऱ्याए वापत नेपाल पत्रकार संग नेपाल, मुस्ताङ शाखामा दुई कार्यकाल अध्यक्षको भुमिकामा रहेका पत्रकार श्री सुन्दर कुमार थकालीलाई दोसल्ला सहित सम्मान पत्र प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो साथै गाउँपालिकाको लोगो तयार गरे वापत घरपझोङ गाउँपालिका ठिनी निवासी श्री निरज थकालीलाई नगद रु.२०,०००।- पुरस्कार सहित कदर पत्र प्रदान गर्ने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :-**

गाउँसभामा शुभकामना मन्तव्य दिने सम्बन्धमा ।

**निर्णय नं. ९ :-**

गाउँपालिकाको १५औं अधिवेशनमा तपसिलका गाउँसभा सदस्यज्युहरुबाट शुभकामना मन्तव्य प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित

०८१।११।२१

घरपझोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

तपसिल :-

१) श्री जैकला वि.क., २) श्री वीर प्रसाद थकाली र ३) श्री कृष्ण प्रसाद थकाली ।

**प्रस्ताव नं. १० :-**

गाउँसभामा पेश हुने शोक प्रस्ताव सम्बन्धमा ।

**निर्णय नं. १० :-**

यस घरपझोङ गाउँपालिका, २ नं. वडा मार्फामा अवस्थित सम्ते छयोलिङ गुम्बाका **रिम्पोछे उर्ग्रेन पाल्साङ ज्वारचन** यही २०८१।९।१० मा दिवङ्गत हुनु भएको हुँदा, उहाले पुऱ्याउनु भएको योगदानको कदरस्वरुप दिवङ्गग आत्माको चिरशान्तीको कामना व्यक्त गर्दै गाउँसभाको १५औ अधिवेशनमा शोक प्रस्ताव पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. ११ :-**

शिक्षा समितिको बैठकको निर्णय सम्बन्धमा ।

**निर्णय नं. ११ :-**

घरपझोङ गाउँपालिका, शिक्षा समितिको मिति २०८१।११।२० गते बसेको बैठकको निर्णय नं. १ अनुसार यस गाउँपालिकामा शिक्षक सेवा आयोगबाट नयाँ शिक्षकहरु सिफारिस हुँदा सबै शिक्षकहरु आरक्षणबाट सिफारिस भएकालाई मात्र नखटाई छानिएका शिक्षकहरु मध्ये ५०% आक्षरणबाट र ५०% खुलाबाट हुनेगरी शिक्षक खटाउने व्यवस्था हुनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो । साथै सोही बैठकको निर्णय नं.२ बमोजिमको व्यवस्था गर्न प्रचलित नियम कानूनको अधिनमा रही गाउँकार्यपालिकाको कार्यालयलाई शिक्षा नियमावलीको संशोधनको प्रस्ताव पेश गर्न निर्देशन दिने समेत सर्वसम्मत निर्णय गरियो ।

**प्रस्ताव नं. १२ :-**

पर्यटन सूचना केन्द्र सञ्चालन गर्ने सम्बन्धमा ।

**निर्णय नं. १२ :-**

यस गाउँपालिका ४ नं. वडा जोमसोममा रहेको पक्की पुल नजिक निर्माण भएको पर्यटन सूचना केन्द्रलाई २०८२, बैशाख १ गते देखि( उद्घाटन गरी शुभारम्भ गर्ने र उद्घाटनको व्यवस्था मिलाउन कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय गरियो ।

निर्णय प्रमाणित।
०८१।११।२१